आज मिति २०७७/०३/०९ गते मंगलबारका दिन वारागुङ मुक्तिक्षेत्र गाउँपालिकाका अध्यक्ष श्री फेन्चोक छेप्तेन गुरुङ ज्यूको अध्यक्षतामा बसेको कार्यपालिकाको बैठकले तपशिल बमोजिमको उपस्थितिमा बिभिन्न प्रस्ताव उपर छलफल गरि देहायनुसार निर्णय गरियो ।

उपस्थितिः

| नाम थर | पद |
| --- | --- |
| श्री फेन्चोक छेप्तेन गुरुङ | कार्यपालिका अध्यक्ष |
| श्री दिकी गुरुङ | कार्यपालिका उपाध्यक्ष |
| श्री चिरन्जीबी बराल | प्रमुख प्रशासकीय अधिकृत |
| श्री विर वहादुर गुरुङ | कार्यपालिका सदस्य |
| श्री छिन नाम्म्या गुरुङ | |
| श्री नविन कुमार गुरुङ | |
| श्री तेन्जिङ नाम्गेल गुरुङ | |
| श्री राप्के गुरुङ | |
| श्री साङमो छिरिङ गुरुङ | |
| श्री फुल कुमारी विश्वकर्मा | |
| श्री लक्ष्मी कुमारी गुरुङ | |
| श्री देवि गुरुङ | |
| श्री फुलमाया वि.क. | |
| श्री छिरिङ आङ्ग्याल गुरुङ | |

अन्य उपस्थिति

**प्रस्ताव नं. १ : आ.ब. २०७७/०७८ को आर्थिक ऐन सम्बन्धमा ।**

**प्रस्ताव नं. २ : आ.ब. २०७७/०७८ को बिनियोजन ऐन सम्बन्धमा ।**

**प्रस्ताव नं. ३ : बेसहारा भत्ताको थप नामावली सम्बन्धमा ।**

**प्रस्ताव नं. ४ : आ.ब. २०७७/०७८ को नीति तथा कार्यक्रम र बजेट सम्बन्धमा ।**

प्रस्ताब नं. ५ : ट्रेकिङ स्याप ब्यबस्थापन सम्बन्धमा ।

निर्णयहरु:

**निर्णय नं. १** : आ.ब. २०७७/०७८ को लागि बनाइएको आर्थिक ऐन आगामी गाउँसभामा पेश गर्ने निर्णय गरियो ।

**निर्णय नं. २** : आ.ब. २०७७/०७८ को लागि बनाइएको आर्थिक ऐन आगामी गाउँसभामा पेश गर्ने निर्णय गरियो ।

**निर्णय नं. ३** : आ.ब. २०७६/०७७ मा सामाजिक सुरक्षा शिर्षकमा छुट्याइएको रकमबाट खर्च लेख्ने गरी बेसहारा भत्ता वितरणको लागि तपशिल बमोजिमको थप व्यक्ति छनौट गर्ने ।

| क.स. | नाम थर | ठेगाना | मासिक भत्ता रु. | बार्षिक कुल जम्मा |
|---|---|---|---|---|
| १ | तिके गुरुङ | कागबेनी | २००० | २४००० |
| २ | लोप्साङ गुरुङ | झारकोट | २००० | २४००० |

**निर्णय नं. ४** : गाउँपालिकाको आ.ब. २०७७/०७८ को नीति तथा कार्यक्रम र बजेटमा छलफल गरि आगामी गाउँसभामा पेश गर्ने ।

**निर्णय नं. ५** : अन्नपूर्ण संरक्षण क्षेत्र आयोजना(ACAP) संगको सहकार्यमा गत आ.ब.मा पदमार्गमा राख्नको लागि सूचना स्याप बनाईएको भएता पनि उक्त स्याप हरु ट्रेकिङ रुटमा गाड्ने काम यही वर्ष मात्र भएकोले उक्त खर्च बापतको रकम निर्मित सार्वजनिक सम्पतिको सम्भार खर्चबाट लेख्ने ।